आ.व. ०७९।०८०

बैठक:- नगर कार्यपालिका बैठक

अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

बैठक नं. ०३।०७९।०८०

मिति:-२०७९।५।१५ गते

स्थान:- ता.न.पा सभाहल

समय:- बिहान ७.०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री बाबुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |
| | श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| | श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| | श्री शोभाखर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| | श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| | श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| | श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री जीवन ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |

आमन्त्रित

श्री पूर्ण बहादुर रेश्मी - कि.वी. वडा अध्यक्ष - १२

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

तानसेन नगरपालिकाको एघारौं नगरसभाबाट चालु आ.व.२०७९/०८० को लागि पारित नगर विकास योजनामा रहेका वडास्तरीय कार्यक्रमहरुको हालसम्मको प्रगतिको अवस्थाको जानकारी प्राप्त भयो । आगामी चैत्र मसान्त भित्रमा सम्पूर्ण पूर्वाधार योजनाहरु सम्पन्न गर्ने गरी कार्य अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

एशिया प्रशान्त शहरहरुको संजाल (CITYNET) को आगामी २०२२ सेप्टेम्वर २० देखि २३ सम्म मलेशियाको राजधानी क्वालालम्पुरमा हुने नवौं सम्मेलनमा तानसेन नगरपालिकाको तर्फबाट नगर प्रमुख श्री सन्तोषलाल श्रेष्ठले सहभागिता जनाउने गरी भ्रमण स्वीकृत गर्ने साथै नगरपालिकालाई कुनै आर्थिक दायित्व नपर्ने गरी उक्त सम्मेलनमा पर्यवेक्षकको रुपमा सहभागि हुन ता.न.पा. वडा नं. १ का अध्यक्ष श्री सुनिल कुमार बस्याललाई अनुमति दिने गरी निजको पनि भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहकार्यमा संचालित पर्यटन क्षेत्रमा सहलगानी कार्यक्रम तर्फ पर्यटन पूर्वाधार सम्वन्धी संरचना निर्माणको लागि समपुरक (पचास/पचास प्रतिशत) लागत साझेदारी हुनेगरी आयोजना संचालन गर्न नेपाल पर्यटन बोर्डबाट माग भएकोमा लागत सहभागितामा निम्नानुसारका योजनाहरु छनौट गरी पठाइएकोले उक्त योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो । यसको लागि नगरपालिकाले राख्नु पर्ने रकम चालु आ.व.२०७९/०८० को लागि पारित नगर विकास योजनाको श्रीनगर उद्यान संरक्षण तथा सम्वर्द्धन कार्यक्रम शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

<u>निम्न :</u>

| क्र.सं. | प्रस्तावित कार्यक्रम/स्थान | अनुमानित लागत | पालिकाको सह लगानी | परियोजनाले सहकार्य गर्न सक्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्रीनगर उद्यानमा शौचालय मर्मत | ४०००00 | २०००00 | २०००00 | |
| २ | श्रीनगर उद्यानमा साईकल ट्रेल निर्माण | ४०००00 | २०००00 | २०००00 | |
| ३ | साना फोहर संग्रह पिट | ३०००00 | १५००00 | १५००00 | २ थान |
| ४ | पृथकीकरण कक्ष | १००००00 | ५०००00 | ५०००00 | २ थान |
| | जम्मा | २१०००00 | १०५००00 | १०५००00 | |

**निर्णय नं. ४**

तानसेन नगरपालिकाको लेखा समितिको कार्यसम्पादन कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

नगर प्रमुख

**निर्णय नं. ५**

तानसेन नगरपालिकाको बासटारी देखि ठाटी सम्मको सडक मर्मत सम्भार गर्न यस अधि भएको निर्णय अनुसार रकम रु.१०००००।- (अक्षेरुपी एक लाख रुपैया मात्र ।) चालु आ.व.२०७९/०८० को लागि पारित नगर विकास योजनाको मर्मत सम्भार शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तानसेन नगर क्षेत्रमा यस वर्ष मनाइएका जात्रा मेला संचालनको लागि निम्नानुसार रकम नगर विकास योजनाको नगर प्रवर्द्धनात्मक कला संस्कृति तथा सम्पदा संरक्षण शिर्षकबाट भुक्तानी दिन स्वीकृति दिने निर्णय गरियो ।

निम्न :

| सि.न. | संस्था | विवरण | टोल | वडा न | रकम रु |
|---|---|---|---|---|---|
| १ | श्रीनगर गणेश जात्रा | जात्रा | | | १२००० |
| २ | भगवती जात्रा | | भगवती समिति | | १००००० |
| ३ | सिद्धवावा गुठी | गुठी सहयोग | टक्सार समिति | ५ | ३००० |
| ४ | वसन्तपुर लक्ष्मी नारायण जात्रा | | बसन्तपुर | ६ | ३००० |
| ६ | गाइजात्रा प्रर्दशन | | | | ८००० |
| ७ | टकसार गणेश जात्रा | | | | ८००० |
| ८ | राधाकृष्ण जन्माष्टमी | | हुलाक अगाडी | | १०००० |
| ९ | गाइजात्रा प्रहसन लाखे गाठे मंगल वाघ जात्रा जम्मा | | | | २५०० |
| १० | श्री ७ सुर्यविनायक गणेश गुठी | गणेश रथ यात्रा | | | ८००० |
| ११ | ढुंगाखानी | नर्मदा शिवालय | | | ४००० |
| १२ | अमरनारायण जात्रा | | | | १४००० |
| १३ | लिपिन्देही वाख्यै जात्रा समेत सांस्कृत कार्यक्रम | | | | ५००० |
| १४ | | भिमसेन जात्रा | | | २५०० |
| १५ | भगवती टोल | भीमसेन जात्रा | | | ५००० |
| १६ | | भैरव टक्सार | | | ५००० |
| १७ | लाखेहरु | | | | ५००० |
| १८ | हास्य ब्यगं ठूलो ठूलो | | | | १०००० |
| १९ | चुइकी फिराई | | | | ५००० |
| २० | बाघ जात्रा | | | | ४००० |
| २१ | महिला स्वयसेविका | तिजको दर खाने कार्यक्रम | | | २५००० |
| | वडा नं. ९ कमलेश्वर | | | | ८००० |
| | वडा नं. ८ कोकल देवि | | | | ५००० |
| | वडा नं. ९ माण्डव्य ऋषि | | | | ५००० |
| | चेचीकोट मन्दिर पुजा व्यवस्थापन | | | १२ | ८००० |

**निर्णय नं. ७**

तानसेन नगरपालिकामा कोभिड-१९ प्रतिकार्य तथा एकिकृत हरीत जिवीकोपार्जन सहयोग परियोजना-कार्यक्रम संचालन कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ८
तानसेन नगरपालिका भित्र ट्राफिक व्यवस्थापनको प्रभावकारिताको लागि ट्राफिक सिग्नल बोर्डहरु तयार गरी आवश्यक स्थानमा राख्ने निर्णय गरियो ।

निर्णय नं. ९
तानसेन नगरपालिकाको नगरसभाबाट आ.व. २०७९/८० को लागि शिक्षा, युवा तथा खेलकुद शाखाको लागि विनियोजित रु.३५,००,०००।- बजेट निम्न बमोजिमका कार्यहरु गर्न कार्यक्रमगत बाँडफाँड स्वीकृत गर्ने निर्णय गरियो ।

निम्न :

| क्र. सं. | कार्यक्रम विवरण | रकम (रु.) |
|---|---|---|
| १ | शिक्षण सहयोग अनूदान | ९११,७६० |
| २ | अतिरिक्त क्रियाकलाप संचालन | ३००,००० |
| ३ | तालिम | २००,००० |
| ४ | स्थानीय विषयको पाठ्यसामग्री विकास/छपाइ/अभिमूखीकरण | ४००,००० |
| ५ | प्र.अ.(भत्ता,खाजा) | ४००,००० |
| ६ | कक्षा ८ को परीक्षा व्यवस्थापन | २५०,००० |
| ७ | यूवा तथा खेलकूद | ३००,००० |
| ८ | नगर शिक्षा समिति (बैठक,खाजा) | २००,००० |
| ९ | शिक्षक विद्यार्थी प्रोत्साहन | १२५,००० |
| १० | विद्यालय अनूगमन | १४८,२४० |
| ११ | शैक्षिक क्यालेण्डर | ६५,००० |
| १२ | एकीकृत पाठ्यकमको मुल्याङ्कन सामग्री छपाई | २००,००० |
| | जम्मा | ३,५००,००० |

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १०

नेपाल सरकारबाट चालु आ.व.को लागि स्थायी कर्मचारीहरुलाई तलवमा १५ प्रतिशत बृद्धि गरेकोमा तानसेन नगरपालिकामा करारमा कार्यरत कर्मचारीहरुलाई पनि १५ प्रतिशत तलवमा बृद्धि गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

तानसेन नगरपालिकाको छोरी शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ को परिच्छेद-४ को दफा ९ को उपदफा ३ (ख) मा भएको व्यवस्थामा निम्नानुसार संशोधन गर्ने निर्णय गरियो ।

निम्न :

छोरी शिक्षा कार्यक्रम अन्तर्गत छात्रा छात्रवृत्तिको लागि आवेदन दिने छात्राहरु छनौट गर्दा निम्न आधार तथा मूल्यांकन प्रकिया अपनाई छनौट गर्ने ।

(अ) कक्षा ७ मा छात्राले प्राप्त गरेको ग्रेड बापत निम्नानुसार १० अंक

| प्राप्त GPA | प्रतिशत | प्राप्त गर्ने अंक |
|---|---|---|
| ३.६ वा सोभन्दा माथि | ९० वा सो भन्दा माथि | १० |
| ३.२ वा सोभन्दा माथि ३.६ भन्दा कम | ८० वा सो भन्दा माथि | ९ |
| २.८ वा सोभन्दा माथि ३.२ भन्दा कम | ७० वा सो भन्दा माथि | ८ |
| २.४ वा सोभन्दा माथि २.८ भन्दा कम | ६० वा सो भन्दा माथि | ७ |
| २.० वा सोभन्दा माथि २.४ भन्दा कम | ५० वा सो भन्दा माथि | ६ |
| १.६ वा सोभन्दा माथि २.० भन्दा कम | ४० वा सो भन्दा माथि | ५ |
| १.६ | ३५ वा सो भन्दा माथि | ४ |

(आ) नेपाल सरकारको स्वीकृत कक्षा ७ को पाठ्यक्रम तथा नेपाली, अंग्रेजी, गणित, विज्ञान, सामाजिक ५ वटा मुख्य विषयको प्रतिप्रश्न २ अंकभार भएका ९ वटा वस्तुगत (४) विकल्पयुक्त वहुवैकल्पिक प्रश्नहरुबाट परीक्षा लिई ९० अंक ।

(इ) उल्लेखित (अ) र (आ) बाट छात्राले प्राप्त गरेको योगफलको उत्कृष्टताको आधारमा (merit based) दलित, जनजाति तथा अन्य समूहको छात्राहरुको वडागत पृथक नतिजा तयार गरी प्रकाशन तथा छनौट गर्ने । गरिव घरपरिवार परिचय-पत्र लागू भए पश्चात गरिव परिवारका छात्राको लागि सूचक बनाई कार्यान्वयनमा ल्याइने छ ।

निर्णय नं. १२

तानसेन नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी मिलानको कममा श्री सेन मा.वि. ता.न.पा.-०६ बाट श्री भुसलडाँडा मा.वि. ता.न.पा.-०१ मा सरुवा पदस्थापन गरिनु भएका प्राथमिक तह द्वितीय श्रेणीका शिक्षक श्री भोजराज थापालाई कार्यपालिकाको निर्णय बमोजिम अर्को

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

व्यवस्था नभएसम्म श्री सेन मा.वि.मै कामकाज गर्ने गरी खटाउने निर्णय गरिएकोमा दरबन्दी मिलानको क्रममा सरुवा पदस्थापना भएको विद्यालय श्री भुसलडाँडा मा.वि. मा हाजिर हुन जाने व्यवस्थाका लागि रमाना दिन श्री सेन मा.वि.लाई निर्देशन दिने तथा ता.न.पा.-११ स्थित श्री भैरव प्रा.वि.बाट ता.न.पा.-०२ स्थित श्री देववाणी संस्कृत तथा साधारण मा.वि.मा काजमा रहनु भएकी प्रा.वि.तृतीय श्रेणीका स्थायी शिक्षक श्री भगवती बस्याल खनाललाई पदाधिकार रहेको श्री भैरव प्रा.वि.मा काज फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

तानसेन नगरपालिका वडा नं. ६, बर्तुङ्ग निवासी श्री सोनिया विश्वकर्माको आर्थिक अवस्था ज्यादै कमजोर भएको र ३ बर्षदेखि कानको औषधि उपचार गरिरहेकोमा हाल लुम्बिनी मेडिकल कलेजले अपरेशनको लागि पोखरा सिफारिस गरेकोले औषधिउपचारको लागि रकम रु.१००००।- (अक्षेरुपी दश हजार मात्र ) नगर विकास योजनाको हितकारी कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४**

पाल्पा जिल्ला रिव्दीकोट गाउँपालिका वडा नं. ४ भैरवस्थान निवासी लेखक/खोज अनुसन्धानकर्ता श्री राम ज्ञवालीबाट पाल्पामा लेखन र सिर्जना नाम पुस्तक प्रकाशन गरी ३० प्रति नगरपालिकामा उपलव्ध गराई सहयोगको लागि अनुरोध गरेकोमा रकम रु.१५०००।- (अक्षेरुपी ~~दश~~ पन्ध्र हजार मात्र ) नगर विकास योजनाको छपाई तथा पुस्तक बजेट शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १५**

तानसेन नगरपालिका र हेफर प्रोजेक्ट नेपाल बीच चालु आ.व.को लागि सम्झौता गरी संचालन गरिने प्रस्तावित कार्यक्रमबारे परियोजना व्यवस्थापन तथा अनुगमन समितिमा छलफल गरी कार्यपालिकामा जानकारी भएकोमा परियोजना कार्यान्वयनको लागि तानसेन नगर कार्यपालिकाको कार्यालय र हेफर प्रोजेक्ट नेपाल बीच सम्झौता गरी कार्यक्रम अगाडि बढाउन स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

नगर प्रमुख

निर्णय नं. १ देखि १५ सम्मका निर्णयहरु प्रमाणित ।

०७४/७/१६

प्रमुख प्रशासकीय अधिकृत